## मिति २०८२ साल साउन ९ गते बसेको मन्थली नगरपालिकाको

## कार्यपालिकाको ४४ औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ४३ औं बैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगति बारे छलफल तथा समीक्षा गरियो । अघिल्लो बैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

**निर्णय नं. २**

आ.व. २०८२/८३ का लागि विनियोजित आयोजना र कार्यक्रम कार्यान्वयनको सम्बन्धमा व्यापक छलफल गरियो । सभाबाट पारित आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि समय तालिका निर्माण गरी उक्त तालिका अर्को बैठकबाट पारित गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं. ३**

मन्थली नगरपालिकाबाट आ.व. २०८१/८२ मा सम्पादित कार्यको समीक्षा बैठक यही मिति २०८२ साल साउन २२ र २३ गते नगरपालिकाको सभा हलमा सञ्चालन गर्ने ।

**निर्णय नं. ४**

विभिन्न व्यक्तिको नाममा दर्ता रही साविकमा खेती गर्दै आएको जग्गामा हाल रणजोर खोलाको बाढीले ढुंगा, माटो लगायतका पदार्थ थुपारेको र सो पदार्थ हटाउने कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण गराउन पूर्व अनुमतिका लागि अभिसिद्धि कन्ट्रक्सनको तर्फबाट रमेश कुमार कार्कीको पेश हुन आएको निवेदनका आधारमा प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी प्रारम्भिक वातावरणीय परीक्षण गराउन पूर्व अनुमति प्रदान गर्ने । साथै रणजोर खोला लगायत अन्य क्षेत्रमा बाढीको कारण व्यक्तिको जग्गामा थुपारेको नदीजन्य पदार्थ हटाउन सम्बन्धित सरोकारवालाहरुले प्रारम्भिक वातावरणीय परीक्षण गराउन पूर्व अनुमतिका लागि निवेदन गरेमा सबै वडाहरुमा पूर्व अनुमति प्रदान गर्ने ।

**निर्णय नं. ५**

मन्थली नगरपालिका र नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत करार कर्मचारीको म्याद थप (करार नविकरण) गर्ने निर्णय अनुमोदन गर्ने ।

२०८२/०४/११

निर्णय नं. ६

दशौं नगरसभाबाट पारित मन्थली नगरपालिकाको संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन पुनरावलोकन गर्ने ।

निर्णय नं. ७

मन्थली नगरपालिका वडा नं. ६ र वडा नं. १२ को वडा कार्यालय भवन निर्माणको लागि जग्गा व्यवस्थापन गर्न देहायका पदाधिकारी रहेको एक कार्यदल गठन गर्ने ।

| | | |
|---|---|---|
| (क) | नगर उपप्रमुख श्री ईश्वरी बस्नेत | -संयोजक |
| (ख) | पूर्वाधार विकास समितिका संयोजक श्री सुरेन्द्र वहादुर कार्की | -सदस्य |
| (ग) | वडा अध्यक्ष श्री राजन घिमिरे ४ नं वडा | -सदस्य |
| (घ) | वडा अध्यक्ष श्री रविन कार्की ५ नं वडा | -सदस्य |
| (ङ) | कार्यपालिका सदस्य श्री गणेश माझी | -सदस्य |
| (च) | इन्जिनियर श्री डिल्ली वहादुर अधिकारी पूर्वाधार शाखा प्रमुख | -सदस्य सचिव |

- कार्यदलको कार्य शर्त कार्यदल आफैले निर्माण गर्न सक्नेछ । कार्यदलले कार्य सम्पादन गर्दा वर्तमान जनप्रतिनिधी, पूर्व जनप्रतिनिधी र राजनैतिक दलका प्रतिनिधीहरुसँग समेत समन्वय गरी कार्य गर्नु पर्दछ ।

निर्णय नं. ८

मन्थली नगरपालिकाको स्वामित्वमा रहेको व्याक हो लोडर निःशुल्क रुपमा प्रयोगमा ल्याउदा देहाय बमोजिम प्राथमिकता प्रदान गरि प्रयोग गर्ने ।

- विपदजन्य घटना
- सबै वडामा वाढी पहिरो र अन्य घटनाका कारण यातायात अवरुद्ध सडक मर्मत
- सामूहिक खानेपानी व्यवस्थापन
- सामूहिक सिंचाई कुलो व्यवस्थापन

निर्णय नं. ९

मन्थली नगरपालिकाका विभिन्न शाखा उपशाखाहरुबाट हुने कार्यसम्पादनको मासिक कार्ययोजना बनाई प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई कार्यान्वयन गराउन नगरपालिकालाई निर्देशन दिने । कार्ययोजना वमोजिमका उपलब्धीका लागि सबै पक्षले अपनत्व लिने ।

२०८२/०४/११

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

निर्णय नं. १०

मन्थली नगरपालिका वडा नं ४ मा रहेको साविक सालु गाविसको वडा नं ९ स्थित महादेवस्थान गैरावारी टोलका करीव १५ घरधुरी वस्ती घ्याप्चेको पहिरोका कारण उच्च जोखिममा रहेकाले ती वस्तीलाई अन्यत्र स्थानान्तर गर्न जिल्ला विपद व्यवस्थापन समिति लगायतका निकायमा पहल गर्ने। साथै मनपाको वडा नं ११ को गजपानी आसपास र वडा नं १२ को पशुपति डाँडामुनिको स्थानका बस्ती पनि पहिरोका कारण जोखिममा रहेकाले स्थानानन्तरण गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने।

निर्णय नं. ११

मन्थली नगरपालिकाको करारमा जनशक्ति व्यवस्थापन कार्यविधि २०७६ माथिको देहाय बमोजिमको संशोधन प्रस्ताव पारित गर्ने ।

| हालको दफा | हालको प्रावधान | संशोधित प्रावधान | संशोधित दफा |
|---|---|---|---|
| दफा ६(३) | उपदफा २ बमोजिमको वैकल्पिक उम्मेदवारको सूचीमा रहेका उम्मेदवारको रोष्टर बनाई आवश्कता अनुसार परीक्षाफल प्रकाशित भएको मितिले एक वर्षसम्म नगरपालिकाले रिक्त पदमा करारमा लिन सक्नेछ | उपदफा २ बमोजिमको वैकल्पिक उम्मेदवारको सूचीमा रहेका उम्मेदवारको रोष्टर बनाई आवश्कता अनुसार परीक्षाफल प्रकाशित भएको मितिबाट कार्यालयलाई आवश्यकताको आधारमा तीन महिनादेखि वढीमा एक वर्षसम्म नगरपालिकाले रिक्त पदमा करारमा लिन सक्नेछ । | दफा ६(३) |
| (दफा ७(३) | करार गरेको मितिबाट आर्थिक वर्षको असार २५ गतेसम्म मात्रका लागि करार गर्नु पर्नेछ । | करार गरेको मितिबाट आर्थिक वर्षको असार मसान्तसम्म मात्रका लागि करार गर्नु पर्नेछ । करार सम्झौताको अवधी र करार नविकरण ३ महिना देखि वढीमा १ वर्षसम्मको हुनेछ | (दफा ७ (३) |

निर्णय नं. १२

आ.व. २०८१/८२ मा वजेट विनियोजन भई सो वजेटको आधारमा कार्यान्वयन भएका तर विविध कारणले भुक्तानी हुन नसकेका देहाय बमोजिमका आयोजना तथा कार्यक्रमको नगरपालिकाको सञ्चित कोषबाट भुक्तानी गरी आगामी नगरसभाबाट अनुमोदन गर्ने।

२०८२/०४/
देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| क्र.सं. | भुक्तानी दिन बाँकी फर्म/सप्लायर्स | विवरण | भुक्तानी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बुद्धभुमी निर्माण सेवा | चिसापानी कुल थान निर्माण | 232260/- | |
| २ | सेन्टरप्वाइन्ट डिजिटल प्रिन्ट | चिसापानी गढी संरक्षण तथा विकाशको लागी खेलकुद | 68,997.00 | |
| ३ | नु.वि. ट्रेडर्स | मनपा ११ को एम्बुलेन्स मर्मत | 227903/- | |
| ४ | अशोक भेराइटि स्टोर्स एण्ड सप्लायर्स | कार्यालयको लागी आवश्यक विविध समाग्री खरिद | 44,115.00 | |
| ५ | सापकोटा स्टोर्स | सरसफाइ तथा मसलन्द सामाग्री खरिद | 99,270.50 | |
| ६ | सापकोटा फर्निसिङ्ग स्टोर्स | सरसफाइ तथा मसलन्द सामाग्री खरिद | 43,960.00 | |
| ७ | ॐ स्टेशनरी एण्ड सप्लायर्स | मसलन्द सामाग्री खरिद | 97,971.00 | |
| ८ | तामाकोशी हार्डवयर एण्ड सप्लायर्स | मर्मत सम्भार | 20,870.00 | |
| ९ | श्री दिपज्योती हार्डवयर एण्ड सप्लायर्स | मर्मत सम्भार | 77,263.00 | |
| १० | ॐ क्वालिटि प्रिन्टिङ्ग प्रेश | छपाई सम्वन्धी सामाग्री | 19,070.00 | |
| ११ | सिर्जन इम्पेक्स | कार्यालयको लागी आवश्यक विविध समाग्री खरिद | 57,050.00 | |
| १२ | सिर्जना इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स | मोवाइल खरिद | 126,000.00 | |
| १३ | सापकोटा स्टोर्स | पतन्जली योगको लागी म्याट खरिद | 57,630.00 | |
| १४ | सफ्टेक नेपाल | राजश्व व्यवस्थापन प्रणाली सफ्टवयर नविकरण | 48,000.00 | |
| १५ | नुम्वुर आइटी सोलुसन प्रा लि | मसलन्द सामाग्री खरिद | 99,948.00 | |
| १६ | ए आर जि स्टेशनरी एण्ड सप्लायर्स | कार्यालयको लागी आवश्यक विविध समाग्री खरिद | 50,650.00 | |
| १७ | मन्थली कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा लि | अन्य संस्था सहायता | 81,999.00 | |
| १८ | एपेक्स अटो इन्टरप्राइजेज | मोटरसाइकल मर्मत | 18,825.00 | |
| १९ | वत्स सप्लायर्स | खेलकुद सामाग्री खरिद | 248,545.00 | |

२०८२/०४/११

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २० | रोहिणिराज जैसी | | 12,000.00 |
| २१ | मुकुन्द कुमार खड्का | | 30,000.00 |
| २२ | दिपक कुमार के सी | | 34,000.00 |
| २३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | कामदारको ज्याला छुट रकम | 18,000.00 |
| २४ | वडा नं ११ पशु औषधी खरिद | | 50,000.00 |
| २५ | गंगा भुजेल | उपमेयर सँग असहाय महिला कार्यक्रम | 20,000.00 |
| २६ | नेपाल पत्रकार महासंघ | विविध कार्यक्रम | 51,000.00 |
| २७ | राष्ट्रिय फोटो पत्रकार | | 10,000.00 |
| २८ | टेकराज सुवेदी | जे सि वि स्पेशिफिकेशन तयार गरेको | 25000/- |
| २९ | नकर्मी मेटल एण्ड मेशिनरी सप्लायर्स | वडा नं ८ बालमैत्री पार्क | 30742/- |

निर्णय नं. १३

विभिन्न कुलतमा फसेका अलपत्र परेका बालबालिका र सडक बालबालिकाहरुलाई तत्काल उद्धार गरी अल्पकालीन सेवा केन्द्र मन्थलीमा केन्द्रित गर्ने र निजहरुको अवस्था अध्ययन गरी पारिवारिक पुनर्मिलन गराउने । नगर क्षेत्रमा बाल सुधार गृहमा राख्नु पर्ने अवस्थाका बालबालिका रहेका पाईएमा बाल सुधार गृहमा राख्न सिफारिस गरी पठाउने ।

२०८२/०४/११

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत